# कमल गाउँपालिका

# सार्वजनिक सुनुवाई प्रतिवेदन

## आर्थिक वर्ष २०८१/०८२

## वार्षिक




**१८ असार २०८२**

**भिन्न मिडिया एण्ड रिसर्च प्रालि**

**दमक, झापा**

# कमल गाउँपालिकाको सार्वजनिक सुनुवाई प्रतिवेदन

## १. पृष्ठभूमि :

स्थानीय तह र गाउँपाालिकाका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माााध्यमद्वारा स्थानीय तहका. विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउन गरिने सार्वजनिक सुनवाइको आयोजना गरिएको हो ।

सुशासन ऐन २०७४, सार्वजानिक जवाफदेहित प्रबर्द्धन कार्यविधि, सार्वजानिक सुनुवाई सम्बन्धी कोशी प्रदेशको कार्यविधिमा भएको व्यवस्था अनुरुप प्रवाह भइरहेको सेवा, विकास निर्माण, बजेट, भौतिक पूर्वाधार निर्माण, सामाजिक विकास, शिक्षा, स्वास्थ्य, सरसफाइ लगायतका विविध विषयमा जनताहरुलाई सुशासनको प्रत्याभूति दिन र आम जनमानसमा स्थानीय सरकारलाई सफल एवम् सबल संस्थाको रुपमा स्थापित गर्नको लागि सार्वजनिक सुनुवाई सञ्चालन गर्न सार्वजनिक सुनवाई कार्यविधि अनुसार सार्वजनिक सुनुवाई गर्ने गरी व्यवस्था मिलाइएको छ । स्थानीय तहवाट संचालित विकास कार्यक्रम ,उपलव्ध सेवा ,वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्भमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएको प्रश्न सवालहरुमा स्पष्टता ल्याउने र नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्वेवारी गराउनु यसको उद्देश्य रहेको छ ।

कमल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कार्यालयबाट प्रवाह भइरहेको सेवा, विकास निर्माण, बजेट, भौतिक पूर्वाधार निर्माण, सामाजिक विकास, शिक्षा, स्वास्थ्य, सरसफाइ लगायतका विविध विषयमा जनताहरुलाई सुशासनको प्रत्याभूति दिन र आम जनमानसमा स्थानीय सरकारलाई सफल एवम् सबल संस्थाको रुपमा स्थापित गर्नको लागि सार्वजनिक सुनुवाई हुनुपर्ने व्यवस्था रहेको छ । कमल गाउँपापलिका सँगको सम्झौता अनुसार भिन्न मिडिया एण्ड रिसर्च प्रालि, कमलले १८ असार २०८२ मा सार्वजनिक सुनुवाईको सहजीकरण गरेको थियो ।

## २. सार्वजनिक सुनुवाईको औचित्यः

सार्वजनिक सुनवाई कार्यविधिमा व्यवस्था भए अनुसार नगरपालिकाको गाउँपालिकाको नगरसभाबाट विनियोजित बजेट तथा कार्यक्रमहरुबाट सञ्चालन र सम्पादन गरेको कामहरुको सार्वजनिक गाँउ सुनुवाई गर्नु पर्ने कुरा उल्लेख भएको छ । कमल गाउपालिकामा आ.व. २०८१।८२ को वाषिक अवधि सम्ममा सञ्चालन भएका विकास निर्माण कार्यहरु र तीबाट प्राप्त प्रतिफलका बिषयमा नागरिकले थाहा पाउनेछन् । यस्तै आगामी दिनमा नीति तथा कार्यक्रम ल्याउदा, योजना निर्माण गर्दा प्राथमिकिरण र त्यसबाट प्राप्त उपलब्धीको समिक्षा गर्न कार्यक्रमले

प्रेरित गर्ने गर्दछ । गाउँबासीका लागि पुऱ्याएको सेवा सुविधाहरुको विषयमा सेवग्राहीहरुको प्रतिक्रिया तथा गुनासाहरुका साथै आगामी दिनहरुमा सुधार गर्नका लागि चाल्नु पर्ने कदमहरु बारेमा जानकारी लिने महत्वपूर्ण कार्यका लागि सार्वजनिक सुनुवाई कार्यले सघाउँ पुऱ्याउँछ । कानुनी शासन सामाजिक उत्तरदायित्व तथा सार्वजनिक जवाफदेहिताको कार्य जिम्मेवारी निभाउन यस कार्यले सघाउ पुऱ्याउनेछ ।

## ३. सार्वजनिक सुनुवाई कार्यक्रमको उद्देश्य:

यस कार्यक्रमको मुख्य उद्देश्य कमल गाँउपालिकाबाट आव २०८१/०८२ मा सञ्चालित योजना र तीनबाट गाँउबासीले प्राप्त गरेका सुविधालाई प्रस्तुत गरिएको थियो । योजनाको अवस्था, कार्यान्वयनको स्थिति, सुशासन र सेवा प्रवाहका बारेमा नागरिकले साक्षात्कारको मौका पाएका थिए । गाँउबाट सेवा सुविधा तथा सम्पादन गरिएका कार्यहरुको विषयमा जनताहरुको प्रतिक्रिया तथा गुनासाहरुलाई व्यवस्थापन गर्नु हो । यस कार्यक्रमका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका थिए :

**क.** कार्यालयबाट सम्पादित सेवा, बस्तु र सुविधाबारेमा सार्वजानिक गर्नु, सूचनाको हकको प्रत्याभूति गराउन

**ख**. सेवा प्रदायक र नागरिक विच सम्वाद गराइ सेवा प्रवाहलाई सुधार गर्दै विकासका योजनमा नागरिकको सहकार्य र साझेदारीको वातावरण बनाउन,

**ग.** गाँउपालिकाले चालु आर्थिक बर्षमा सम्पादन गरेका कामहरुको बारेमा शाखा प्रमुखहरुलाई नागरिक प्रति जवाफदेही बनाउने,

**घ**. आगामी दिनहरुमा गाँउपालिकाले सुधार गर्नुपर्ने क्षेत्रहरुको पहिचान र सुझाव प्राप्त गर्नु,

**ङ.** आगामी आवमा योजनाको प्राथमिकिरणमा सघाउ पुर्याउन ।

च. अघिल्लो सार्वजानिक सुनुवाईमा उठेका बिषयकोको समाधानका प्रयासका बारेमा जानकारी गराउन ।

## ४. कार्यक्रमबाट भएका उपलब्धिहरु

(क) गाँउपालिका र गाउँबासी बीचको सम्बन्ध अझ राम्रो हुनेछ ।

(ख) आयोजना सञ्चालन र सेवा प्रवाह गर्दा देखिएका राम्रा र नराम्रा दुवै पक्षको कार्य मूल्यांकन हुने छ ।

ग) दाहोरो सवादले सुशासन कायम राख्न मद्दत गर्ने छ ।

## ५. सहजकर्ता छनौट र समन्वय:

कमल गाँउकार्यपापलिकाको कार्यालयले आयोजना गरेको कार्यक्रमको आवश्यक व्यवस्थापन तथा समन्वय गाउँपपालिकाले गरेको थियो । सार्वजनिक सुनुवाई कार्यक्रमको लागि भिन्न मिडिया एण्ड रिसर्च प्रा.लि. गरिएको प्रस्तावना स्वीकृत भएपछि व्यवस्थापनका लागि राजु पोखेललाई जिम्मेवारी

प्रदान गरिएको थियो । कार्यक्रमको सन्दर्भमा सहजकर्ताले पालिका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, विभिन्न शाखाका प्रमुखसंग नियमति समन्वय गर्नु भएको थियो ।

### ६. ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययनः

स्थानीय तहले जनतालाई प्रवाह गर्ने बस्तु तथा सेवाहरु सुविधा र विकासका योजनाहरु कसरी सञ्चालन गरेको छ ? पालिकाले बस्तु तथा सेवा सुविधाहरु कसरी उपलब्ध गराउने गरिएको छ ? सेवा प्रवाह गर्न लागि कस्ता कस्ता खालका ऐन, नियम तथा कार्यविधिहरु लागू भएका छन । यिनीहरुको आधारमा रहेर के कस्ता वस्तु तथा सेवा सुविधा प्रवाह गर्नु पर्ने अवस्था छ भन्न कुराको गहन अध्ययन, स्थानीय सरकारी कार्यालयले कस्तो सेवा सुविधा तथा वस्तु जनतालाई उपलब्ध गराएका छन् सो को तुलना गरि छलफल गर्नका लागि स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, सुशासन (व्यवस्थापनतथा संचालन) ऐन, २०६४ सुशासन नियमावली २०६५, सार्वजनिक, सुनुवाई सम्बन्धि कार्यविधि, सुचनाको हक सम्बन्धि ऐन २०६४ र नियमावली २०६५ तथा स्थानीय सरकार संचालन ऐन-२०७ ४ जस्ता विभिन्न ऐन नियम, निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन आयोजक तथा समन्वय गर्ने संस्थाका प्रतिनिधि र सहजकर्ताद्धारा गरिएको थियो ।

### ७. नागरिक प्रतिवेदन र बर्हिगमन अभिमत संकलन तथा प्रतिवेदन तयारीः

सार्वजनिक सुनुवाई संचालनको क्रममा नागरिकहरुबाट अभिमत लिन नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत पत्र अनिवार्य संचालन गर्नुपर्ने व्यवस्था रहेको छ । स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधिको अनुसुचि २ र ३ अनुसारका ढाँचाक्रमश नागरिक प्रतिवेदन र नागरिक अभिमत सहकर्ता संस्था स्वयम्ले संकलन गरि प्रतिवेदन तयार गरेको हो ।

### ८. सार्वजनिक सुनवाई कार्यक्रमको विवरण

(क) सार्वजनिक सुनुवाई कार्यक्रम आयोजकः कमल गाँउपालिका,झापा
(ख) सार्वजनिक सुनुवाई संयोजन गर्ने संस्थाः भिन्न मिडिया एण्ड रिसर्च प्रालि, दमक
(ग) सार्वजनिक सुनुवाई कार्यक्रम भएको मिति : २०८२ असार १८ गते बुधबार
(घ) सार्वजनिक सुनुवाई कार्यक्रम भएको स्थान : रेडक्रसको सभाहल कमल-५, झापा
(ङ) सार्वजनिक सुनुवाई कार्यक्रम भएको समयः १२.१०
(च) कार्यक्रम सञ्चालन गरिएको समयावधिः ३.४५ घण्टा
(छ) कार्यक्रममा सहभागी संख्याः ५५ जना
(ज) कार्यक्रमको अध्यक्षता : कमल गाँउपालिका अध्यक्ष हुकुमसिंह राई
(झ) नागरिक प्रतिवेदन सर्वेक्षणको सहभागी संख्याः १८५ जना
(ञ) बहिर्गमन अभिमत सर्वेक्षणको सहभागी संख्याः १२५ जना
(ट) नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत सम्पादनः सञ्चारकर्मी युवराज विवश

## ९. सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिएका प्रतिवेदनहरुः

क) कमल गाउँपालिकाको आर्थिक तथा प्रशासनिक विवरणको प्रगति प्रतिबेदन प्रस्तुतकर्ता प्रमुख प्रशासकीय अधिकृत केशबकुमार ढकाल
ख) नागरिक प्रतिवेदनको प्रस्तुतकर्ता सहजकर्ता बाबुराम निरौला
ग) बहिर्गमन अभिमत प्रतिवेदनको प्रस्तुतकर्ता सहजकर्ता बाबुराम निरौला

## १०. सार्वजनिक सुनुवाईमा छलफल गरिएका विषयवस्तुहरुः

शिक्षा, स्वास्थ्य, सरसफाइ, खानेपानी, सूचना, रोजगार, कृषि क्षेत्र, नगरपालिकाको भौतिक पूर्वाधार तथा विकास निर्माण, आय व्यय, सुशासन, अव्यवस्थित बसोबास ।

## ११. सार्वजनिक सुनवाई कार्यक्रममा भएको उपस्थितिः

यस कार्यक्रममा कमल गाँपपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक अवधिमा सम्पादन गरिएका विकास निर्माण कार्य र नगरपालिकाले पुऱ्याएको सेवा सुविधाका बारेमा सार्वजनिक सुनुवाई गरिएको थियो । गाउँपालिकाका सम्पूर्ण बस्तीहरु, टोल विकास संस्थाका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, उपभोक्ता समिति, सामुदायिक विकास संस्था, विद्यालयहरु, सहकारीहरु, आमा समूहहरु, सामुदायिक वन उपभोक्ता समितिहरु, महिला समूहहरु, दलित उत्थान समूहहरु, व्यावसायीहरु, शिक्षक, बुद्धिजीवीहरु तथा गाउँपालिकाका विषयगत शाखाहरुलाई सार्वजनिक सूचना मार्फत आमन्त्रण गरिएको थियो । सो मध्येका सबै प्रतिनिधि गरी करिब ५५ जनाको उपस्थिति भएको थियो । यसको विवरण तल उल्लेख छ ।

## १२. सार्वजनिक सुनवाई कार्यक्रमको पहिलो सत्रः

यस कार्यक्रमको पहिलो सत्र देहाय अनुसार सञ्चालन भएको थियो ।
-सञ्चालनः बाबुराम निरौला
क) अध्यक्षता ग्रहण कमल गाउँपालिका अध्यक्ष श्री हुकुमसिंह राई
ख) पदाधिकारीहरुको आसन ग्रहण

- उपाध्यक्ष प्रमिला न्यौपाने तिवारी
- प्रमुख प्रशासकीय अधिकृत केशब कुमार ढकाल
- गाउँपालिकाका सबै वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरु
- सरोकारवाला कार्यालयका प्रमुखहरु,
- राजनीतिक दलका प्रमुखहरु
- कार्यालयका कर्मचारीहरु
- उपस्थित सबै जनसमुदायहरु

ग) राष्ट्रिय गानः सामुहिक

ङ) स्वागत मन्तव्यः उपाध्यक्ष प्रमिला न्यौपाने तिवारी

च) गाँउपालिकाको सेवाप्रवाह सम्बन्धी प्रस्तुति प्रमुख प्रशासकीय अधिकृत केशबकुमार ढकाल

**सार्वजनिक सुनवाई कार्यक्रमको दोश्रो शत्र**

क) सार्वजनिक सुनुवाई सहजीकरण गर्ने भिन्न मिडिया एण्ड रिसर्च प्रालिका तर्फबाट बाबुराम निरौलाले सार्वजनिक सुनुवाई कार्यक्रममा पालना गर्नु पर्ने आचारसंहिता बारे जानकारी प्रस्तुत ।

ख) कार्यविधि बमोजिमको नागरिक प्रतिवेदन (Citizen Report Card) र बहिर्गमन अभिमत ( Exit Poll) सेवा प्रवाह सम्बन्धि गरिएको अध्ययनबाट प्राप्त भएको विवरण अनुसार तयार पारेको प्रतिवेदनको प्रस्तुति

**सार्वजनिक सुनुवाई कार्यक्रमको तेस्रो सत्र**

क) प्रश्न उत्तर तथा छलफलः सहभागीबाट प्रश्न राख्ने ।

ख) प्रश्न सहभागीबाट आएका जिज्ञासाको उत्तर निम्न महानुभावले दिनुभएको थियोः

१) कमल गाउँपालिका अध्यक्ष हुकुमसिंह राई

२) कमल गाउँपालिका उपाध्यक्ष  प्रमिला न्यौपाने तिवारी

३) कमल गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत केशबकुमार ढकाल

घ) गाउँपालिका अध्यक्ष  हुकुमसिंह राईबाट सभा विसर्जन

**कार्यक्रममा उठेको प्रश्न, जवाफ तथा सुझावहरुः**

| **क्र.स.** | **प्रश्न गर्ने वा सुझाव दिनेको नाम, थर, ठेगाना** | **सहभागीको प्रश्न, गुनासो, सुझाव** | **जवाफ दिने पदाधिकारीको नाम, थर, ठेगाना** | **जवाफको छोटकरी व्यहोरा** |
|---|---|---|---|---|
| १. | केदार चापागाइँ, सभापति, रास्वपा, कमल | शिक्षकहरु राजनीतिकमा छन,तर पालिकाले विद्यालयलाई राजनीतिक गतिविधि निषेधित भनेको हैन र ? पालिकाको सूचनाहरु हस्ताक्षर नगरि बाहिरिएका छन्? किन त्यस्तो | हुकुमसिंह राई, अध्यक्ष, कमल गाउँपालिका | संघ प्रदेश जहाँबाट जसले ल्याएपनि योजना कमलकै हो । त्यो जनतालाई जानकारी दिन त्यसरी सामाजिक सञ्जालमा हालिएको हो । सबै योजना पालिकाकै सिफारिसमा पठाइने गरिएको छ । हामीले जनप्रतिनिधि, कर्मचारी, शिक्षक, व्यवस्थापन समितिका छोरा छोरी सामुदायिक विद्यालय पठाउन भनेका थियौ, अझै पनि त्यसमा दृढ छौ । सामुदायिक विद्यालय नपढाउनेको नाम र विवरण अब सार्वजनिक गर्ने छौ । विद्यालयमा हामीले राजनीतिक गतिविधि पूर्णतः निषेध गरेका छौ । कांग्रेसमा रहेका सबै |

| | | | | |
|---|---|---|---|---|
| | | कमजोरी भयो ? योजना माग गर्दा जसले ल्याएपनि कमलकै लागि हो ? किन यत्रो धेरै प्रचार गर्नुभएको हो ? सार्वजनिक सुनुवाईको प्रचार पुगेन कि किन उपस्थिति न्यून छ ? कमल ५ कै एउटा टोलमा योजना माग गर्दै जनप्रतिनिधिको उपस्थिति देखिएन किन होला ? | केशवकुमार ढकाल, प्रमुख प्रशासकीय अधिकृत<br><br>लालबहादुर बिष्ट, वडा अध्यक्ष कमल ५ | शिक्षकको कृयाशिल सदस्यता भने नविकरण गरेका छैनौ, अरुलाई पनि सदस्यता नलिन आग्रह गरेका छौ । शिक्षकले राजनितिक गतिविधि गरेको पाइए तत्काल कारवाही हुने छ ।<br>-सूचना कतिपय अवस्थामा हस्ताक्षर बिनाकै पनि जारी गरिन्छ, संघीय मन्त्रालयका धेरै सूचना त्यसरी जारी भएको देखिन्छ । तर अब कमलमा हस्ताक्षर बिना नै त्यसरी जारी हुने छैन ।<br>-त्यो दिन स्थानीयबासीको उपस्थिति केही कम देखिएको हो । अब त्यसलाई सुधार गरि अघि बढ्ने छौ । |
| २ | बिरेन्द्र अधिकारी, सचिव, नेकपा एमाले कमल | रेल निर्माण गर्ने भनेर जग्गा अहिले सम्म रोक्का राखिएको छ? त्यसको समाधानका लागि पालिकाले के गर्दै छ ? कमल गाउँपालिकाको शिक्षा ऐन अहिले सम्म छैन, ऐन र नियमावली बनाएर शिक्षा क्षेत्र व्यवस्थित गर्नुपर्ने किन गर्न सकिएन ? तल्लो तहमा पढाउदै गरेका माथिल्लो योग्यता भएका शिक्षकलाइ माथिल्लो कक्षामा पढाउन लगाउन सकिए शिक्षक | हुकुमसिंह राई, अध्यक्ष कमल गाउँपालिका<br><br>केशवकुमार ढकाल, प्रमुख प्रशासकीय अधिकृत<br><br>बिमल थापा, स्वास्थ्य शाखा प्रमुख | - सरकारले रेलको लागि रोक्का राखेका जग्गाको फुकुवा गर्ने निर्णयउ गरिसकेको छ । अब केही दिनमै परिपत्र आउने छ । त्यसपछी त्यहाँको समस्या समाधान हुने छ । अब शिक्षा ऐन, नियम र नीति बनाएर अघि बढने छौ । गाडी ३ वटा देखिएपनि एउटा धेरै बिग्रीएका कारणले अर्को ल्याइएको हो । त्यसमा सामान्य पालिकाको खर्च भएको हो, अरु धेरै खर्च छैन ।<br>-शिक्षकलाई त्यसरी ओभर टाइम दिएर माथिल्लो कक्षामा खटाउने स्थिति के छ ? थप परामर्श गरेर अघि बढ्ने छु । उपभोक्ता समिति नै असारमा मात्रै गठन गरेर वडाले पठाउने भएका कारणले समेत समस्या भएको छ । त्यसलाई अगाडी नै गर्न सके क्षमता विकासका लागि तालिम सञ्चालन गरिने छ ।<br>-हाम्रो वडामा स्वास्थ्य कर्मीको दरबन्दी निकै कम छ । कतिपय अभियान सञ्चालनमा तोकिएको औषधी मात्र वितरण गरिएको हो । त्यसको समस्या तत्काल समाधान गरिएको छ ।<br>-शिपमुलक तालिम र प्रविधि समेत दिइएर अनुगमन गरिएको छ । कतिपय ठाउँमा त्यस्तो समस्या देखिएको र त्यसलाई सूधार समेत |

| | | | | |
|---|---|---|---|---|
| | | अभावको समस्या केही हद सम्म समाधान हुने थियो । उपभोक्ता समितिलाई तालिम किन दिइदैन ? वडाका स्वास्थ्य केन्द्रमा कार्यालय सहयोगीले औषधी वितरण गरिएको पाइयो, त्यो किन त्यस्तो भयो ? तालिम शिपमुलक दिइसकेपछी अनुगमन र प्रविधि हस्तान्तरण किन गरिदैन ? ३ वटा गाडीले फजुल खर्च बढयो, त्यसलाई व्यवस्थापन गरिनुपर्यो । | प्रमिला न्यौपाने उपाध्यक्ष | गरिएको छ । विपन्न, अपांगता भएका व्यक्तिहरुलाई स्वरोजगार बनाउनका लागि तालिम र प्रविधि हस्तान्तरण गर्ने नीति अनुरुप नै हामी अघि बढेका छौ । |
| ३. | खगेन्द्र भण्डारी, सभापति नेपाली कांग्रेस कमल | - शिक्षा क्षेत्रमा धेरै सुधारका कामहरु भइरहेका छन् । त्यसलाई निरन्तरता दिन अनुरोध गर्दछु । सुकुम्बासी समस्या समाधानका लागि कर्मचारीको समन्वयकारी भूमिका भएन, धनिपुर्जा वितरणको कार्य तत्काल अघि बढोस् । बजेट निर्माणका समयमा | हुकुमसिंह राई, अध्यक्ष<br><br>प्रमिला न्यौपाने तिवारी, उपाध्यक्ष | - बिगतमा आयोगले खटाइएका कर्मचारी बिदामा भएको र कोही हाजिर मै नआएका कारण काम अघि बढ्न नसकेको हो । हामीले कर्मचारीको आवश्यकताको नोटिस निकालि सकेका छौ । त्यसलाई हामी अघि बढ्ने छौ । अरु सबै काम भन्दा यसलाई प्राथमिकता दिएर अघि बढ्ने छौ ।<br>-अघिल्लो बर्ष सबैका सुझाव समेटेका थियौ । यस वर्ष केही हतारोका बिच अघि बढयौ, अब आगामी दिनमा सबैको सुझाव समेटेर अघि बढ्ने छौ । |

| | | | | |
|---|---|---|---|---|
| | | राजनीतिक दलको समेत परामर्श किन लिइएन ? | | |
| ४. | डिल्ली पराजुली कमल ६ | कमल गाउँपालिकामा सडक बत्तीको जरिवाना सहित महसुल ४३ लाख रुपैयाँ देखिएको छ । किन यस्तो भयो ? कार्यपालिका निर्णय किन गाउँपालिकाको वेवसाइटमा सार्वजनिक हुदैनन ? | हुकुमसिंह राई, अध्यक्ष<br><br>केशवकुमार ढकाल, प्रमुख प्रशासकीय अधिकृत | - हामी आउनु भन्दा अघि नै यो देखिएको रहेछ । अहिले हामीले सडक बत्तीको महसुल समुदायले नै तिनुपर्ने भनेका छौ । तत्काल विद्युत प्राधिकरणलाई ५ लाख रुपैयाँ भुक्तानी गरिएको छ । अब समुदाय, टोलले नै सडक बत्तीको भुक्तानी गर्नुपर्ने छ ।<br>-किन ढिलाइ भएको रहेछ । त्यो बुझ्ने छु र तत्काल सार्वजनिक गर्ने प्रतिबद्धता व्यक्त गर्दछु । |
| ५. | रोशन दाहाल कमल ६ | कमल गाउँपालिकाको खेलकुद नीति के कस्तो छ ? प्रशिक्षक राख्दा के कस्तो मापदण्ड पुर्याएर नियुक्ति गरिएको हो ? खेलकुदमा उपलब्धी हासिल हुन सकेको छैन । | केशवकुमार ढकाल, प्रमुख प्रशासकीय अधिकृत<br><br>प्रमिला न्यौपाने उपाध्यक्ष | -कमल गाउँपालिकामा खेलकुद विकास समिति चहीँ छ । तर त्यो दर्ता भएको छैन । दर्ता विनाको समितिलाई पालिकाले काम गर्न अख्तियारी दिन सक्दैन । त्यस कारण अहिले हामीले शिक्षा शाखा मार्फतै काम गरि रहेका छौ । समिति दर्ता गरेर प्रमाणपत्र लिएर आउन भनेका छौ । समिति दर्ता गरेर त्यसकै अंगका रुपमा वडा समिति निर्माण गरिने छ । अब कार्यविधि बनाएर अघि बढ्न जरुरी देखिएको छ ।<br>- अघिल्लो कार्यकालमै कार्यविधि निर्माण भएको पाइयो, त्यसलाई आवश्यक परिमार्जन गरिने छ । समितिलाई दर्ता गरि खेलकुदका गतिविधि अघि बढाइने छ । |

**सार्वजनिक सुनुवाई गर्न अपनाएका विधिहरुः**

क) सार्वजनिक सुनुवाई कार्यविधि र आचारसंहिता पालना
ख) नागरिक प्रतिवेदन, बहिर्गमन अभिमत
ग) सामाजिक सञ्जाल, टेलिफोन र अन्य सञ्चारमाध्यमबाट प्रचार प्रसार
घ) गाँउबासी टोलविकास संस्थाहरु, उद्योगी व्यवसायीहरु, शिक्षक बुद्धिजीवी, किसान, तथा विभिन्न संघ संस्थालाई कार्यक्रम बारे सार्वजनिक सूचना
ङ) वडा स्तरमा भेला तथा छलफल

**१३. सार्वजनिक सुनवाई कार्यक्रमबाट भएका सिकाईहरु :**

यस कार्यक्रमबाट देहायका कुराहरुको सिकाइ भएको छ ।
- सार्वजनिक सुनुवाईबाट जनताको समस्यालाई नजिकैबाट बुझ्न सकियो ।
- सार्वजनिक सुनुवाइ कार्यक्रममा गाउँबासीको उल्लेख्य उपस्थितिको लागि बृहत रुपमा प्रचार प्रसार गर्नु पर्ने सिकाइ भएको छ ।
- यस प्रकारको सुनुवाईको व्यवस्था नियमित रुपमा हुँदा गाँउपालिकाको कार्य सम्पादनमा सहयोग पुग्ने ।
- यस प्रकारको कार्यक्रमले सही अर्थमा पारदर्शीता कायम गर्न सफल हुने ।
- जनगुनासोहरुको सुनुवाई गर्ने उपयुक्त थलोका रुपमा यो माध्यम उपयुक्त भएको ।

**नागरिक प्रतिवेदन पत्र**

**प्रस्तुतकर्ता: बाबुराम निरौला**

सार्वजनिक सुनुवाई कार्यक्रमको कार्यविधि अनुसार हामीले गाँउपालिकाको विभिन्न वडाका नागरिकसँग प्रत्यक्ष रुपमा कुराकानी गरी नागरिक प्रतिवेदन तयार पारेका छौं । नागरिक प्रतिवेदन पत्र भन्नाले सेवाग्राहीले गाँउपालिकाबाट सेवा लिँदा प्रत्यक्ष रुपमा भोगेर देखेका कुराहरुलाई समेटेर तयार पारेको प्रतिबेदन हो । हामीले कमल गाँउपालिकाका विभिन्न वडाका नागरिकहरुसँग कार्यविधिमा उल्लेखित प्रश्नावली अनुसार १६० जना नागरिकसँग प्रत्यक्ष कुराकानी गरेर प्रतिवेदन फारम भरेका छौं । यसमा महिला, दलित, जनजाति, बालबालिका, तथा पिछडा वर्गलाई समेत समेटेर प्रतिवेदन तयार पारेका छौं । सो प्रतिवेदन यस प्रकार रहेको छ ।

कमल गाउँपपालिका कमल, झापा
नागरिक प्रतिवेदन पत्र (Citzen Report Card) प्रश्नावली
भाग -१

| सि.नं. | सेवाको नाम | सोधिएका प्रश्न | सेवाको मूल्यांकन प्रतिशतमा | | |
|---|---|---|---|---|---|
| १ | सेवाको सन्तुष्टि | तपाईले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनुभयो ? | सन्तुष्ट १५ %) | ठीकै (६५ %) | असन्तुष्ट (२०%) |
| | | सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति | सन्तुष्ट (१६ %) | ठीकै (६४ %) | असन्तुष्ट (२०%) |

| | | | | | |
|---|---|---|---|---|---|
| | | तपाइँ कतिको सन्तुष्ट हुनुहुन्छ ? | | | |
| २ | सेवाको नियमितता | नागरिक वडापत्रमा उल्लेख भए अनुसार तपाईँले प्राप्त गर्नुपर्ने सेवामा लागेको समयप्रति कतिको सन्तुष्ट हुनुहुन्छ । | सन्तुष्ट (२५ %) | ठीकै (४५ % ) | असन्तुष्ट (३० %) |
| | | कार्यालय नियमित रुपमा (कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ? | विश्वस्त (२८ %) | ठीकै (५० %) | अविश्वस्त (२२ %) |
| | | तपाईँले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नुभयो ? | तिरेको छैन (९० %) | एकदमै कम (८%) | धेरै तिरेको (२ %) |
| | | यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औषत कति दिन लगाउने गरेको छ ? | १ दिन (३८ %) | २ दिन(४२ %) | धेरै दिन (२० %) |
| ३ | सेवाप्रतिको | यस संस्थाले दिने सेवाप्रति तपाइँ कतिको विश्वस्त हुनुहुन्छ ? | विश्वस्त (३९ %) | ठीकै (४८ %) | अविश्वस्त (१३%) |
| | | यस कार्यालयले प्रदान | धेरै (६ %) | ठीकै (२६ %) | गरेको छैन |

| | | | | | |
|---|---|---|---|---|---|
| | जनविश्वास | गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई कतिको प्रचार गर्नुभएको छ ? | | | (६८ %) |
| | | यस संस्थामा कार्यरत कर्मचारीप्रति तपाईको विश्वास कत्तिको छ ? | धेरै (३० %) | ठीकै (५२ %) | विश्वास छैन (२८ %) |
| | | यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनुभएको छ ? | छ (३२ %) | छैन (३३ %) | अलिअलि थाहा छ (३५ %) |
| ४ | सेवाको गुणस्तर | यस कार्यालयबाट सेवा लिँदा कार्यालयले दिएको जानकारीबाट कतिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट (७२ %) | कम सन्तुष्ट (१४ %) | असन्तुष्ट (१४ %) |
| | | तपाईं यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ? | आफैं (८६ %) | गाउँका ठूलाबडाको (५ %) | मध्यस्थकर्ता (९ %) |
| | | यस कार्यालयमा तपाईंले एउटा कामको लागि कति पटक धाउनु पर्‍यो ? | १ पटक (४६ %) | २ पटक (२९ %) | सोभन्दा बढी (२५ %) |
| ५ | सेवा सम्बन्धी | कार्यालयको भौतिक अवस्था कस्तो छ ? | अति राम्रो (९७ %) | ठीकै (२ %) | नराम्रो (१ %) |
| | | कार्यालयमा भएको | छ | आंशिक | कुनै जानकारी |

| | | | | | |
|---|---|---|---|---|---|
| | जानकारी | नागरिक बडापत्र बारे तपाईँलाई जानकारी छ ? | (६२ %) | जानकारी छ (२२ %) | छैन (१४ %) |
| | | कार्यालय र सेवाग्राहीबीचको सम्बन्ध कस्तो छ ? | अति राम्रो (४२ %) | ठीकै (५५ %) | खासै राम्रो छैन (३ %) |
| | | सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ? | २० प्रतिशतजति (४८ %) | ५० प्रतिशतभन्दा माथि (३० %) | थाहा छैन (२२ %) |
| ६ | नागरिक बडापत्र/उजुरी पेटिका/गुनासो सुन्ने अधिकारी सम्बन्धमा | तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ? | धेरै (१५%) | कम (४० %) | गरेको छैन (४५ %) |
| | | तपाईँको विचारमा सेवा प्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेजस्तो लाग्छ ? | धेरै (३० %) | ठीकै (४८ %) | अतिकम (२२ %) |
| | | तपाईँको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ? | धेरै भएको छ (१० %) | ठीकै भएको छ (५० %) | भएकै छैन (४० %) |

# बहिर्गमन अभिमत

दमक नगरपालिका कार्यालय तथा वडा कार्यालयबाट सेवा, वस्तु तथा सुविधा प्राप्त गरी बाहिरिएका नागरिकमध्येबाट नमूना छनोट गरी बहिर्गमन सूचना संकलन गरियो । यसमा पुरुष, महिला, विभिन्न जातजातिको प्रतिनिधित्व गरिएको थियो ।

बहिर्गमन अभिमतबाट प्राप्त प्रतिक्रिया:

| सि.नं. | सेवाको नाम | मूल्याङ्कन | | |
|---|---|---|---|---|
| १ | सेवा लिन कोसँग सम्पर्क गर्ने भन्नेमा तपाईंलाई स्पष्ट जानकारी भयो | अति स्पष्ट (३० प्रतिशत) | ठीकै (५५ प्रतिशत) | अस्पष्ट (१५ प्रतिशत) |
| २. | सेवा प्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ? | अति धेरै (२५ प्रतिशत) | ठीकै (३५ प्रतिशत) | थोरै (४० प्रतिशत) |
| ३. | तपाईंप्रति सेवा प्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार र मैत्रीपूर्ण (५१ प्रतिशत) | ठीकै (४८ प्रतिशत) | अभद्र/ अमर्यादित (१ प्रतिशत) |
| ४. | सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु बारे तपाईंलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ? | स्पष्ट गरिदिए (४२ प्रतिशत) | ठीकै (५० प्रतिशत) | अलमल हुने गरी अस्पष्ट सूचना दिए (८ प्रतिशत) |
| ५. | तपाईंले राख्नुभएका समस्यालाई के कस्तो समाधान दिए ? | अति सजिलो तरिकाबाट समाधान दिए (३० प्रतिशत) | ठीकै (६७ प्रतिशत) | समाधान दिन सकेनन् (३ प्रतिशत) |
| ६. | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के कस्तो लाग्यो ? | अति सजिलो (२२ प्रतिशत) | ठीकै (६९ प्रतिशत) | लामो र झन्झटिलो (९ प्रतिशत) |

**बहिर्गमन अभिमतबाट आएका गुनासा तथा सुधार गर्नुपर्ने पक्षहरु :**

१) योजना निर्माणमा प्राथमिकिरण गरिनुपर्ने, योजना बैंकका आधारमा बजेट बिनियोजन गरिनुपर्ने ।
२) नागरिक वडापत्र राख्नुपर्ने, सुझाव पेटिकाका सुझाव कार्यान्वयन गरिनुपर्ने ।
३) बहाल करलाई व्यवस्थित गर्ने, अनिवार्य रुपमा व्यवसाय दर्ताको व्यवस्था गर्नुपर्ने ।
४) कमल अस्पतालको व्यवस्थापन गरिनुपर्ने, अस्पतालको भौतिक सुधार गरिनुपर्ने ।
५) कमल अस्पतालमा नियमित रुपमा पाइने औषधीको व्यवस्था गरिनुपर्ने । ।
६) नदी नियन्त्रणलाई प्रभावकारी रुपमा काम गरिनुपर्ने ।
७) नदि नियन्त्रण गरिनुपर्ने । ।
८) कृषकलाई मलको समस्या रहेको र मल बिउ वडाबाटै वितरण हुनुपर्‍यो ।
९) हेल्प डेस्क प्रभावकारी बन्न नसकेको ।
१०) जनप्रतिनिधि कार्यालयमा समयमै आउनुपर्‍यो ।
११) पार्किङकको समस्या व्यवस्थापन गरिनुपर्ने ।
१२) वडा कार्यालयमा आवश्यक प्राविधिक कर्मचारीको व्यवस्थापन हुनुपर्‍यो ।

**कार्यक्रमको सवल पक्षहरु :**

- गाँउपपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु सहभागितामा कार्यक्रम संचालन गरिएको ।
- आर्थिक वर्षको वार्षिक प्रगति समिक्षा भौतिक तथा बित्तीय प्रगति प्रस्तुत गरिएको ।
- नागरिकहरुले गरेका प्रश्नहरुको जवाफदेही वक्ताहरुबाट चित्त बुझ्दो जबाफ दिईएको ।
- स्वतन्त्र सहजकर्ताको माध्यमबाट सार्वजनिक सुनुवाई संचालन भएको ।
- जनप्रतिनिधिहरुसँग सर्वसाधारण नागरिकहरुले हाक्काहाकी प्रश्नोत्तर गरेका ।
- वडा तह सम्म पुगेर नागरिकको गुनासोहरु लिएको ।
- नागरिकको सहभागीता बृद्धिको लागि सार्वजनिक सुनुवाई सम्बन्धि सुचना सञ्चालन माध्यम र समाजिक सञ्जालबाट प्रशारण तथा प्रकाशन गरिएको ।
- नागरिक प्रतिवदेन र बर्हिगमन अभिमत प्रस्तुत गरिएको ।

# निष्कर्ष

कमल गाँउपालिकाको सार्वजानिक सुनुवाईले नागरिकको गुनासा र आवश्यकताको विषयमा जानकारी गराएको छ । वडा कार्यालयले गरेको कार्यक्रमबाट सुशासन, जनताप्रति उत्तरदायी, जवाफदेही र नागरिकको भावना अनुरुप उत्प्रेरणा जगाइ वडामा सुशासन र जनता प्रति जवाफदेही रहन सो कार्यक्रम कोसेढुगाँ बन्ने विश्वास लिइएको छ ।

गाउँपालिकाको काम कारबाही, सेवा प्रबाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवा प्रदायक र सेवाग्राही बीच हाक्काहाक्की प्रश्नोत्तर गराउने उद्देश्यले आयोजना गरिएको सार्वजनिक सुनुवाई प्रभावकारी रहेको थियो । कमल गाउँपालिकाको आयोजनामा सम्पन्न सार्वजनिक सुनुवाईमा नागरिकहरुले भूमि व्यवस्थापन, खानेपानी समस्या, सडक पूर्वाधार, शिक्षा, कृषिको बजारीकरण, फोहर व्यवस्थापन, पर्यटन क्षेत्रको प्रबर्द्धन, संरक्षण र बिकास, राशायनिक मलको उपलब्धता, लागुपदार्थ दुर्व्यसनी, लगायत विषयमा प्रश्न, चासो र जिज्ञासा सहित सुझाव दिएका थिए । गाँउपालिकाका अध्यक्ष,उपाध्यक्ष,प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, शाखा प्रमुख, पत्रकार लगायतको उपस्थितिमा संचालन गरिएको सार्वजनिक सुनुवाईमा स्थानीय नागरिकहरुको उल्लेख्य सहभागीता रहेको थियो । सहभागी नागरिकहरुले गाउँपालिकाले निरन्तर सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्न सुझाव दिएका थिए । कार्यविधिले ब्यवस्था गरे अनुरुप नियमित रुपमा सार्वजनिक सुनुवाई गर्न सके विकास निर्माणमा पारदर्शीता र जवाफदेहिता बृद्धि हुने देखिन्छ । यसरी सञ्चालन हुने सार्वजनिक सुनुवाई कार्यक्रममा विभिन्न सरोकारवाला निकाय र नागरिकको उपस्थिति बृद्धि संगै वडा स्तरमा समेत सार्वजनिक सुनुवाई कार्यक्रम नियमित गर्न सक्दा कार्यक्रमको प्रभावकारीता अझै बढ्ने देखिन्छ ।

कार्यविधिले ब्यवस्था गरे अनुरुप नियमित रुपमा सार्वजनिक सुनुवाई गर्न सके विकास निर्माणमा पारदर्शीता र जवाफदेहिता बृद्धि हुने देखिन्छ । यसरी सञ्चालन हुने सार्वजनिक सुनुवाई कार्यक्रममा विभिन्न सरोकारवाला निकाय र नागरिकको उपस्थिति बृद्धि संगै वडा स्तरमा समेत सार्वजनिक सुनुवाई कार्यक्रम नियमित गर्न सक्दा कार्यक्रमको प्रभावकारीता अझै बढ्ने देखिन्छ ।

# कार्यक्रमबारे प्रकाशित समचार

खबरमञ्च | समाचार | विहीवार, १९ असार २०८२ | Thursday, 3 JULY 2025 | ६

## भव्य समारोहका बीच जन्मियो प्याबसन झापा कलस्टर



**झापा ।** निजी तथा आवसिय विद्यालय संगठन नेपाल (प्याब्सन) झापा शाखाको समानन्तर ( कलस्टर)कमिटि गठन भएको छ। शनिवार भद्रपुरमा आयोजित बृहत कार्यक्रमको आयोजना गरी समान्नतर कमिटि गठन गरिएको जानकारी गराइएको हो। समान्नतर कमिटि झापाको संयोजकमा प्याब्सन झापाका प्राक्षिक सल्लाहकार जर्नादन ढकाल रहेका छन् ।

ढकालको नेतृत्वमा आज बृहत कार्यक्रमको आयोजना गरिएको छ। उनको नेतृत्वमा टिर्चस मोटिभेसन तालिम सम्पन्न गरिएको हो। तालिममा झापा जिल्ला भरका आठ सय त्रिचालिस जना शिक्षकहरुको सहभागिता रहेको थियो।

प्याब्सन कलस्टरले आयोजना गरेको पहिलो कार्यक्रममा जिल्लाका एकानब्बे वटा संस्थागत विद्यालयहरुको सहभागिता रहेको थियो। उनीहरुलाई प्रशिक्षक अशोक कुमार दाहालले प्रशिक्षण दिएका थिए।

प्याब्सन झापाको नयाँ नेतृत्व आएपनि असन्तुष्ट रहेका सदस्य विद्यालयहरुको नेतृत्वमा समान्नतर कमिटि बनाइएको हो। कार्यक्रममा प्याब्सन कोशी प्रदेशका वरिष्ठ उपाध्यक्ष कोषराज प्याकुरेल, प्याब्सन कोशी प्रदेश सदस्य धुव्र गौतम, प्याब्सन झापा जिल्ला उपाध्यक्ष टिआर गौतम, झापा जिल्लाका १५ वटा पालिकाका सल्लाहकार एवम् पदाधिकारीको सहभागिता रहेको थियो। संञ्चालन कलस्टरका सचिव राजेश कुमार आचार्यले गरेका थिए।

## एमाले मेचीनगरले मनायो राष्ट्रिय धान दिवस



**मेचीनगर ।** नेकपा एमाले मेचीनगर कमिटीले आज २२ औँ राष्ट्रिय धान दिवस भव्य रुपमा मनाएको छ। असार १५ गते धान दिवस मनाउने प्रचलन अनुसार एमालेले वर्षेनी राष्ट्रिय दिवस पर्व मनाउने गरेको छ।

आइतबार मेचीनगर-७, जोरसिमल स्थित नरपति काफ्लेको खेतमा एमाले मेचीनगरले धानको विउँ रोपेर दिवस मनाएको हो। एमालेका केन्द्रीय सदस्य रविन कोइरालाले कृषिको परनिर्भरता कम गर्न र किसानलाई हौसला पुऱ्याउन प्रत्येक वर्ष धान दिवस मनाउने गरिएको बताए।

एमालेको नेतृत्वमा दैलेखमा मिथेन ग्यास भण्डार खानीको खोजपर्ताल गरेपछि ५० वर्षलाई पुग्ने १ अर्व १२ करोड घनमिटर मिथेन ग्यास रहेको उनको भनाई छ।

उनका अनुसार मिथेन ग्यासबाट कृषिलाई चाहिँने मललाई मल्टीप्रपोजका रुपमा विकास गर्न सकिने छ। समृद्ध नेपाल सुखी नेपालीको सपना अब पूरा हुने छ। कार्यक्रममा एमाले नेता विष्णु प्रसाई, युवा नेता दावा तामाङ लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। असार १५ लाई किसानले 'मानो रोपेर मुरी फलाउन' दिनका रुपमा पनि लिने गरिएको छ। आजको दिन दहि र चिउरा खानु नेपालीहरुको संस्कृति नै रहेको छ।

सोही अवसरमा एमाले जिल्ला सदस्य एवम् मेचीनगर-४ का वडाध्यक्ष अर्जुनकुमार कार्कीले असारे १५ को लोकगीत बाँसुरीको धुनमा बजाएका थिए। कार्यक्रममा एमालेका केन्द्रदेखि प्रदेश, जिल्ला, क्षेत्र, नगर र टोलसम्मका नेता तथा कार्यकर्ताहरुले धान दिवस मनाएका थिए। एमाले मेचीनगर अध्यक्ष राजु कार्कीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन सचिव सागर ओलीले गरेका थिए।

## कमल गाउँपालिकामा सार्वजनिक सुनवाई कार्यक्रम




**कमल ।** झापाको कमल गाउँपालिकाले आज सार्वजनिक सुनवाई कार्यक्रम सम्पन्न गरेको छ। गाउँपालिकाको आयोजना र भिन्न मिडिया एण्ड रिसर्च प्रा.लि.को प्राविधिक सहयोगमा गाउँपालिका ५ स्थित रेडक्रसको सभाहलमा सार्वजनिक सुनवाई कार्यक्रम सम्पन्न भएको हो।

गाउँपालिकाका अध्यक्ष हुकुमसिंह राईको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष प्रमिला न्यौपाने तिवारीले स्वागत गरेकी थिइन्। प्रमुख प्रशासकीय अधिकृत केशव कुमार ढकालले गाउँपालिकाको तर्फ बाट चालु आर्थिक वर्षमा भए गरेका कार्यक्रमको संक्षिप्त गतिविधिका प्रस्तुत गरेका थिए।

कार्यक्रममा सहभागीहरुले शिक्षा,स्वास्थ विकास निर्माणका बारेमा सुझाव तथा प्रश्नहरु राखेका थिए। कार्यक्रममा नेपाली कंग्रेसका कमल सभापति खगेन्द्र भण्डारी, एमाले कमल सचिव विरेन्द्र अधिकारी, रास्वपा कमल




सभापति केदार चापागाईंलगायतले आ-आफ्नो सुझाव राखेका थिए।

सहभागीका तर्फ बाट राखिएका जिज्ञासाको गाउँपालिका अध्यक्ष राई, उपाध्यक्ष न्यौपाने तिवारी र प्रमुख प्रसाशकिय अधिकृत ढकाल, कमल गाउँपालिका ३ नम्बर वडा अध्यक्ष लालबहादुर विष्टले जवाफ दिएका थिए।

कार्यक्रमको सहजीकरण भिन्न मिडिया एण्ड रिसर्च प्रा.लि.का तर्फ बाट बाबुराम निरौलाले गरेका थिए।


**वन डढेलो नियन्त्रण गरैं, जैविक विविधताको संरक्षण**

सुख्खायाम लागेसँगै बन जंगलमा डढेलो लगाउने गतिबिधि जिम्मेवार नागरिकका लागि अशोभनीय कार्य हो । जिम्मेवार नागरिकहरुले यस्ता कार्यको विरुद्ध सबैलाई गराऔं । बन जंगल तपाई हाम्री सबैको साझा सम्पति हो । सबै मिलि यसको संरक्षण गरौं । वातावरण संरक्षण तपाई हाम्रौ जिम्मेवारी हो ।

कालिका सिमसरा मेचीनगर-११/१२ धाइजनको भ्रमण गरौ । आन्तरिक पर्यटको प्रवधन गरौ ।

अध्यक्ष : योगेश भट्टराई

**कालिका सामुदायिक बन उपभोक्ता समुह**

मेचीनगर-११/१२ धाइजन झापा



त्रिलोचन एण्ड हरिमाया क्लिनिकमा

**दैनिक विशेषज्ञ सेवा**



हाम्रा उपलब्ध सेवाहरु :-

- रेबिज बिरुद्ध खोप सेवा
- संगिनी सुईको खोप सेवा
- प्रत्येक सनिवार निःशुल्क सुगर जाँच
- डिजिटल VIDEO X-RAY भिडियो एक्स रे सेवा
- WHOLE BODY CHECK UP गर्ने बिरामीलाई २५% छुट

24hr SERVICE EVERYDAY

ईमरजेन्सि सेवा
डिजिटल प्याथोलोजी सेवा
डिजिटल एक्स रे सेवा
चेनलको ई.सि.जि सेवा
ओ. पि. डि सेवा
सलाईन पानी सेवा
अक्सिजन OXYGEN सेवा
ड्रेसिङ र टाँका लगाईनुको साथै माईनर OT को सेवा

**त्रिलोचन एण्ड हरिमाया क्लिनिक**

मेचीनगर-७, इटाभट्टा (झापा)

फोन : ०२३-५९१५३४/९८१५०१२४७१/९७०६८६७०७८

फोनबाट पनि नाम टिपाउन सकिनेछ ।

# नागरिक प्रतिवेदन पत्र र बर्हिगमित अभिमत संकलनका तस्वीहरु










# कार्यक्रममा सहभागी विवरण र तस्वीर













नेपाल रेडक्रस सोसाइटी
लखनपुर उपशाखा










विकास निर्माण, सुशासन प्रवर्द्धन र सार्वजनिक सेवा प्रवाह सम्बन्धमा
सार्वजनिक सुनुवाई कार्यक्रम
कमल रेडक्रसको सभाहल
२०८२ असार १८ गते बुधबार
समय : बिहान ११ बजे
संयोजन/सहजीकरण
भिन्न मिडिया एण्ड रिसर्च प्रा.लि.
दमक झापा
आयोजक
कमल गाउँपालिका
झापा





# वडा स्तरमा बर्हिगमित अभिमत संकलनका बैठक

२०८२/०२/१३.

कनाल गाउँपालिकाको आ.व २०८१/८२ को सार्वजनिक सुनुवाई कार्यक्रमका लागी गुनासो समाधान समन्वय समिती गठन गर्नका लागि तपसिल बमोजिमको उपस्थितिमा निम्न अनुसारको निर्णय गरियो ।

उपस्थिती

१. केशव कुमार ढकाल प्रमुख प्रशासकीय अधिकृत -
२- सृजना राई - लेखा अधिकृत
३- विजय तिम्सिना - सूचना प्र. अ.
४ श्री टंक थापा आ.ले.प. अधिकृत
५ श्री पर्वत भण्डारी प्रशासन सहायक
६ श्री. अनिता रेग्मी आपाङ्गता सहायता सहजकर्ता
७- श्री महेन्द्र बोहरा कृषि विकास शाखा
८. श्री शारदा पौडेल कृषि विकास शाखा
९. श्री शैजिला नेपाल पशु सेवा शाखा
१०. श्री समुन्द्र गुरुङ्गाई सा.सु. शाखा
११. श्री प्रदिप यादव भूमि शाखा

प्रस्तावहरु

१. गुनासो समाधान समन्वय समिति गठन सम्बन्धमा
२. तथ्याङ्क संकलन गर्ने, ताजारिक प्रतिवेदन पत्र
३. संकलन गर्ने, बर्हिगमित अभिमत संकलन गर्ने सम्बन्धमा
३. विविध

१. प्रस्ताव नं १ उपर छलफल गर्दा कमल गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा ४ सदस्य गुनासो समाधान समन्वय समिति गठन गर्ने निर्णय गरियो

१. केशव कुमार ढकाल संयोजक
२. सिर्जना राई सदस्य
३. पर्वत भण्डारी सदस्य
४. समुन्द्र गुरागाई सदस्य

२. प्रस्ताव नं २ माथि छलफल गर्दा सहजीकरण गर्ने संस्था मार्फत ७ वटै वडामा नागरिक प्रतिवेदन भाग १-२ र बहिर्गमित अभिमत संकलन गर्ने सर्वसम्मत निर्णय गरियो

३. प्रस्ताव नं ३ विविधमा छलफल गर्दा कमल गाउँपालिकाको वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम कमल रेडक्रसको सभाहलमा मिति २०८२ असार १८ गते बुधबार बिहान ११:३० बजे देखि गर्ने सर्वसम्मत निर्णय गरियो ।

(१)

आज मिति २०८२ साल जेठ ५ गते सोमबार कमल गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को सार्वजनिक सुनवाई कार्यक्रमको सिलसिलामा कमल गाउँपालिका वडा नं. १ का कार्यवाहक अध्यक्ष चैतन्य प्रसाद चम्लागाईंको अध्यक्षतामा सार्वजनिक सुनुवाईको लागी तपसिलको उपस्थितिमा टोल टोलमा गएर नागरिक प्रतिवेदन पत्र भराउनु र बहिर्गमन अभिमत फारम भर्ने निर्णय गरियो ।

तपसिल

१. वडा अध्यक्ष श्री केदार कटुवाल -
२. वडा सदस्य श्री (कार्यवाहक अध्यक्ष) चैतन्य प्रसाद चम्लागाईं -
३. वडा सदस्य श्री बाल कुमारी प्रसाई -
४. वडा सदस्य श्री कमला विश्वकर्मा -
५. वडा सदस्य श्री भोला ढुंगाना -
६. वडा सचीव श्री तेज प्रसाद आचार्य -
७. कार्यालय सहयोगी सुलभ बल्लेत
८. ना.प्रा.स. प्रेम ऊ. पोखरेल
९. कम्प्युटर अपरेटर सुवास राई
१०.

प्रस्ताव

नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमत सम्बन्धमा

प्रस्ताव नं. १ माथि छलफल गर्दा कमल गाउँपालिकाले गर्ने सार्वजनिक सुनुवाईको लागी टोल टोलमा गएर नागरिक प्रतिवेदन भराउन र बहिर्गमन अभिमत फारम भर्ने निर्णय गरियो ।

आज मिति २०८२ साल जेठ ५ गते मध्यलवार कमल गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को सार्वजनिक सुनुवाई कार्यक्रमको सिलसिलामा कमल गाउँपालिका वडा नं २ का वडा अध्यक्ष श्री अशोक जुब्बाको अध्यक्षतामा सार्वजनिक सुनुवाईको लागी तपसिलको उपस्थितिमा टोल टोलमा गएर नागरिक प्रतिवेदन पत्र लागु हुई र बहिर्गमन अभिमत कायम गर्न निर्णय गरियो ।

तपसिल

1. वडा अध्यक्ष श्री — अशोक जुब्बा -
2. वडा सदस्य श्री — महेन्द्र खत्री -
3. वडा सदस्य श्री — भीम बहादुर कार्की -
4. वडा सदस्य श्री — कल्पना राई -
5. वडा सदस्य श्री — सोमाया नेपाली कुर्मी -
6. वडा सचिव श्री — सागर दाहाल -
7. सि.अ.अ. श्री — आशोक श्रेष्ठ
8. अ.हे.ब. " — निर्मल सिंह
9. ~~गंगा माया नेपु~~ ना.स. श्री — गंगा माया दनुवार
10. ना.स.क.स — लक्ष्मी कर्मकार
11. टंकराज सुब्बा — ज्योतिरेगा

प्रस्ताव

नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमत सम्बन्धमा

प्रस्ताव नं. १. माथि छलफल गर्दै कमल गाउँपालिकाले गर्ने सार्वजनिक सुनुवाईको लागि टोल टोलमा गएर नागरिक प्रतिवेदन लागु र बहिर्गमन अभिमत कायम गर्न निर्णय गरियो ।

②

आज मिति २०८२ साल जेठ ४ गते आइतबार कमल गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को सार्वजनिक सुनवाई कार्यक्रमको सिलसिलामा कमल गाउँपालिका वडा नं. ३ का वडा अध्यक्ष श्री अग्नी प्रसाद कोइरालाज्यु को अध्यक्षतामा सार्वजनिक सुनुवाईको लागी तपसिलको उपस्थितिमा टोल टोलमा गएर नागरिक प्रतिवेदन पत्र भरा हुई र बहिर्गमन अभिमत भराए भर्ने निर्णय गरियो।

तपसिल

1. वडा अध्यक्ष श्री अग्नीप्रसाद कोइराला -
2. वडा सदस्य श्री रङ्गलाल गुरुङ -
3. वडा सदस्य श्री सन्तकुमार मगर -
4. वडा सदस्य श्री केसर नेपाली
5. वडा सदस्य श्री भगवती राई -
6. वडा सचिव श्री देवीप्रसाद फुयल -
7. सब- इन्जिनियर श्री महेश भण्डारी -
8. कम्प्युटर सहयोगी श्री पुजन आचार्य -
9. निर्मला गौतम- कार्यालयसहयोगी -
10.

प्रस्ताव

नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमत सम्बन्धमा

प्रस्ताव नं. १ माथि छलफल गर्दै कमल गाउँपालिकाले गर्ने सार्वजनिक सुनुवाईको लागी टोल टोलमा गएर नागरिक प्रतिवेदन भराउ र बहिर्गमन अभिमत भराउ भर्ने निर्णय गरियो।

(४)

आज मिति २०८५ साल सोमबार जेठ ५ गते कनाल गाउँपालिकाको आर्थिक वर्ष २०८१/२०८२ को सार्वजनिक सुनवाई कार्यक्रमको सिलसिलामा कनाल गाउँपालिका वडा नं. ४ का ~~कार्य अध्यक्ष~~ कार्यवाहक अध्यक्ष श्री नविन राई ज्यू को अध्यक्षतामा सार्वजनिक सुनुवाईको लागि तपसिलको उपस्थितिमा टोल-टोलमा गएर नागरिक प्रतिवेदन पत्र भाग दुई र बहिर्गमन अभिमत फारम भर्ने निर्णय गरियो।

तपसिल

१. वडा अध्यक्ष श्री चन्द्र प्रसाद काहूपाई -
२. वडा सदस्य श्री (कार्यवाहक अध्यक्ष) नविन राई -
३. वडा सदस्य श्री चतुरभुज सुवेदी -
४. वडा सदस्य श्री जमुना देवी खतिवडा -
५. वडा सदस्य श्री ओमा वि.क -
६. वडा सचिव श्री पशुराम तिमिल्सिना -
७. ~~(कम्प्युटर अपरेटर श्री [illegible])~~
८. अ.स. इन्जिनियर श्री कविता काडुवाल -
९. का.स. श्री मनिषा राई -
१०. सहजकर्ता श्री अस्मिता काहूपाई - Asmita
११. कृषि प्राविधिक श्री रबि कोइराला

प्रस्ताव

नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमत सम्बन्धमा

प्रस्ताव नं. १ माथि छलफल गर्दा कनाल गाउँपालिकाको सार्वजनिक सुनुवाईको लागि टोल-टोलमा गएर नागरिक प्रतिवेदन भाग २ र बहिर्गमन अभिमत फारम भर्ने निर्णय गरियो।

(५)

आज मिति २०८१ साल जेठ ४ गते आइतबार कनकई गाउँपालिकाको आर्थिक बर्ष २०८१/८२ को सार्वजनिक सुनुवाई कार्यक्रमको सिलसिलामा कनकई गाउँपालिका वडा नं ५ का वडा अध्यक्ष श्री लाल बहादुर बिष्ट ज्यु को अध्यक्षतामा सार्वजनिक सुनुवाईको लागि तपसिलको उपस्थितिमा टोल-टोलमा गएर नागरिक प्रतिवेदन पत्र भराइ हुने र बहिर्गमन अभिमत भराउने निर्णय गरियो ।

तपसिल

१. वडा अध्यक्ष श्री लाल बहादुर बिष्ट -
२. वडा सदस्य श्री चन्द्रकला सुब्बा -
३. वडा सदस्य श्री पुरुङ्गाड लावती -
४. वडा सदस्य श्री सुमित्रा मग्य -
५. वडा सदस्य श्री ओम कुमारी प्रधान -
६. वडा सचिव श्री अमृत कुमार शाह -
७. इन्जीनियर श्री तुर्का प्रसाद यादव -
८. कम्प्युटर अपरेटर श्री जीवन दाहाल -
९. कार्यालय सहयोगी श्री अनिता राजपुरिया -
१०.

प्रस्ताव

नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमत सम्बन्धमा

प्रस्ताव नं. १ माथि छलफल गर्दा कनकई गाउँपालिकाले गर्ने सार्वजनिक सुनुवाईको लागि टोल टोलमा गएर नागरिक प्रतिवेदन भराउ र र बहिर्गमन अभिमत भराउने निर्णय गरियो ।

(६)

आज मिति २०७८ साल जेठ ६ गते मङ्गलबार कमल गाउँपालिकाको आर्थिक वर्ष २०७७।७८ को सार्वजनिक सुनुवाई कार्यक्रमको सिलसिलामा कमल गाउँपालिका वडा नं. ६ का वडा अध्यक्ष श्री नरेन्द्र कटुवाल ज्यू को अध्यक्षतामा सार्वजनिक सुनुवाईको लागी तपसिलको उपस्थितिमा टोल टोलमा गएर नागरिक प्रतिवेदन पत्र लागु दुई र बहिर्गमन अभिमत कारण गर्ने निर्णय गरियो।

तपसिल

१. वडा अध्यक्ष श्री नरेन्द्र कटुवाल -
२. वडा सदस्य श्री टेक बहादुर खड्का -
३. वडा सदस्य श्री ओम प्रसाद पराजुली -
४. वडा सदस्य श्री गंगा देवी राई -
५. वडा सदस्य श्री रोजिमा वि.क. -
६. वडा सचिव श्री बन्दना लुइटेल -
७. सब-इन्जिनियर श्री देवा चौधरी -
८. स. कम्प्युटर अपरेटर श्री नविन श्रेष्ठ -
९. कार्यालय सहयोगी श्री उर्मिला देवि पौडेल - उर्मिला
१०. तुलसी रेग्मी (उ.वि.श्र.)

प्रस्ताव

नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमत सम्बन्धमा

प्रस्ताव नं. १ माथि छलफल गर्दा कमल गाउँपालिकाले गर्ने सार्वजनिक सुनुवाईको लागी टोल टोलमा गएर नागरिक प्रतिवेदन लागु र बहिर्गमन अभिमत कारण गर्ने निर्णय गरियो।

(७)

आज मिति २०८५ साल जेठ ६ गते मङ्गलबार कमल गाउँपालिकाको आर्थिक वर्ष २०७५।८२ को सार्वजनिक सुनवाई कार्यक्रमको सिलसिलामा कमल गाउँपालिका वडा नं. ७ का वडा अध्यक्ष श्री पृथ्वीपति राई ज्यु का अध्यक्षतामा सार्वजनिक सुनुवाईको लागि तपसिलको उपस्थितिमा टोल टोलमा गएर नागरिक प्रतिवेदन पत्र लागु दुई र बहिर्गमन अभिमत फारम भर्ने निर्णय गरियो।

तपसिल

१. वडा अध्यक्ष श्री पृथ्वीपती राई - [signature]
२. वडा सदस्य श्री मनमाया सिटौला -
३. वडा सदस्य श्री हिमादेवी नेपाली - [signature]
४. वडा सदस्य श्री टंक प्रसाद काफ्ले - [signature]
५. वडा सदस्य श्री हरिलाल चम्लागाई -
६. वडा ~~सदस्य~~ सचिव श्री रेनुका गौतम - [signature]
७. अ. स. ई श्री रोहित बस्नेत -
८. स. क. अ. श्री ओम प्रसाद लाजपुरिया -
९. का. स. श्री रुक्मिणा शर्मा - [signature]
१०. नागरिक सहायता कक्ष - सहायक श्री रन्जु काइपाई [signature]
११ कृषि शाखा श्री रमा खेरमी [signature]

प्रस्ताव

नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमत सम्बन्धमा

प्रस्ताव नं. १. माथि छलफल गर्दै कमल गाउँपालिकाले गर्ने सार्वजनिक सुनुवाईको लागी टोल-टोलमा गएर नागरिक प्रतिवेदन फारम र बहिर्गमन अभिमत फारम भर्ने निर्णय गरियो।

[signatures]

आज मिति २०८२ असार १८ गते बुधबार कमल गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को सार्वजनिक सुनुवाई कार्यक्रम कमल गाउँ-पालिकाका अध्यक्ष श्री हुकुमसिंह राई ज्युको अध्यक्षमा तपसिल बमोजिमको उपस्थितीमा सम्पन्न गरियो ।

उपस्थिती हस्ताक्षर

१. श्री हुकुमसिंह राई अध्यक्ष कमल गा.पा
२. श्री प्रमिला त्योपाने (तिवारी) उपाध्यक्ष कमल गा.पा.
३. श्री केशव कु. ढकाल (प्रमुख प्रशासकिय अधिकृत)
४. श्री केदार कटुवाल १ नं वडा अध्यक्ष
५. श्री अशोक सुब्बा २ नं वडा अध्यक्ष
६. श्री अर्जुन प्रसाद कोइराला ३ नं वडा अध्यक्ष
७. श्री चन्द्र प्रसाद भट्टराई ४ नं वडा अध्यक्ष
८. श्री लाल बहादुर विष्ट ५ नं वडा अध्यक्ष
९. श्री नरेन्द्र [illegible] भट्टराई ६ नं वडा अध्यक्ष
१०. श्री पृथ्वीपति राई ७ नं वडा अध्यक्ष
११ श्री छत्रपति ढुंगाना ४ नं. वडा रा.स.पा सभापति
१२. श्री केदारनाथ चापागाईं-सभापति रा.स्व.पा.कमल गा.पा.
१३- रविन्द्र भण्डारी सभापती नेपाली कांग्रेस
१४. श्री धिरज त्योपाने क्षेत्रिय सदस्य रा.स्व.पा क्षेत्र नं. ५
१५. मंगलमय टोल विकास उपाध्यक्ष देवी प्र. राई
१६. तुलसी प्र. तिवारी कमल २
१४ विरेन्द्र अधिकारी ने.क.पा एमाले कमल सचिव
१५. टंक प्रसाद त्योपाने वडा सदस्य वडा नं. ६
१६. तारा ब. खड्का नवदुर्गा टोल अध्यक्ष कमल-५
१६. चन्द्र सिंह राई कमल-२ ने.का. सभापति
१८, रोशन दाहाल ॥ ६ ॥ ॥

१९ डिल्लीराम पराजुली - स.स.प्र.पा. कमल ६ सभापति [signature]
२० गोपाल चन्द्र गुजेल पूर्व शिक्षक कमल - ६ [signature]
२१ पूर्ण माया गुजेल " - " [signature]
२२ मनमाया सिटौला कार्यपालिका सदस्य [signature]
२३ केशवा बढ्या " " [signature]
२४ हिमादेवी नेपाली (वडा सदस्य कमल -6) [signature]
२५ दिपा भट्टराई कमल - ६ [signature]
२६ पशुराम तिम्सिना ४ नं वडा सचिव [signature]
२६ गंगा पराजुली रोजगार सेवा केन्द्र कमल गा.पा. [signature]
२७ सृजना राई लेखा अधिकृत कमल गा.पा. [signature]
२८ महेन्द्र बोहरा कृषि अधिकृत " [signature]
३० ओम कुमार प्रधान वडा सदस्य वडा नं. ८ [signature]
३१ विमल थापा ओभरसियर [signature]
३२ सागर यादव इन्जिनियर [signature]
३३ मनोज कुमार यादव प्रशासकीय अ. [signature]
३४ टंक थापा आ. के. प. अधिकृत [signature]
३५ दिपेन्द्र लामिछाने प्र.वि.अ. [signature]
३६ तुलसी ओझा योजनाशाखा [signature]
३६ रिजु कार्की [signature]
३७ विजय तिम्सिना स्व.प्र.अ. [signature]
३८ सविन खनाल कमल गा.पा. ६ स.चा. [signature]
४० सन्तोष गौतम कमल गा.पा. स.चा. [signature]
४१ मित्र प्रसाद पौडेल प्रदेश सांसद सचिव [signature]
४२ राजु [illegible]
४३ गंगा राम पौडेल राजस्व शाखा कमल [signature]
४४ रेनुका गौतम वडा सचिव वडा नं 6 [signature]
४५ आरम्भ पोखरेल कमल ६ [signature]
४६ मिजान छेम्जुङ लिम्बु कमल ५ [signature]
४६ अतिस लिम्बु कमल ५ [signature]
४८ हरि पोखरेल कमल - १ [signature]
४९ सरिता " [signature]
५० अञ्जलि जैसवाल [signature]
५१ विनोद विश्वकर्मा [signature]